# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, वैशाख ८ गते २०६० साल (संख्या २

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाली मेड अस्ट्रियाको सहयोगमा सञ्चालित धुलिखेल अस्पतालका लागि नेपाली मेड स्विट्जरल्याण्डबाट उपहारस्वरूप प्राप्त हुने स्विस फ्रेङ्क ३४२.५७ मूल्य बराबरका अस्पताल उपकरणहरूमा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाली मेड अस्ट्रियाको सहयोगमा सञ्चालित धुलिखेल अस्पतालका लागि नेपाली मेड जर्मनी र लग्जेम्बर्गबाट उपहारस्वरूप प्राप्त हुने अमेरिकी डलर १०,०००.०० र युरो २०,०००.०० मूल्य बराबरका अस्पताल उपकरणहरूमा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

380

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी रुकुम जिल्ला स्वास्थ्य कार्यालयको प्रयोजनका लागि एम् एस् एफ् लजिस्टिक फ्रान्स (MSF. Logistique, France) बाट स्वास्थ्य मन्त्रालयको नाममा प्राप्त हुने युरो ३३,४३७.६४ मूल्य बराबरको औषधि, चिकित्सा उपकरण तथा पुस्तक र अन्य कार्यालय सामानहरूमा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी परराष्ट्र मन्त्रालयले फ्रान्सको Francois Charles Oberthur Fiduciare बाट आयात गर्ने युरो ४,७९,१६०.०० मूल्य बराबरको साधारण नेपाली राहदानीमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी महेन्द्र प्रकृति संरक्षण कोषद्वारा सञ्चालित जैविक विविधता संरक्षण केन्द्र, सौराहा, चितवनका लागि M/S Ontario Drive anns, Gear Limited, 200 Berger Court, New Hamburg, Ontario, Canada N3A 2J5 बाट आयात गर्ने अमेरिकी डलर १३,४७५.०० मूल्य बराबरको Argo 8x8 Conquest गाडी थान १ तथा Accessories मा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्य महसुल छूट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ६

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी बुद्ध नि.मा.वि., सिर्दिवास, गोरखाका लागि Asian Architecture Friendship, Japan बाट हिमालय क्षेत्र संरक्षण विकास समितिमार्फत उपलब्ध गराउने जापानी येन ५,८१,५००.०० मूल्य बराबरको डेस्क र चेयर सेटलगायत लुगाफाटा समेत आयात गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्य कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल अन्धा कल्याण सङ्घ, त्रिपुरेश्वरलाई क्रिस्टोफेल ब्लाइन्डेड मिसन, भारतबाट उपहारस्वरूप प्राप्त हुने भा. रू. १,४६,४००।– मूल्य बराबरका शैक्षिक सामग्रीहरू आयात गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरले **Hitachi Medical System (S) Pte Ltd.** सिङ्गापुरबाट अमेरिकी डलर ७९,२००.०० मूल्य बराबरको र Varine Medical Systems, USA बाट अमेरिकी डलर ७,२००.०० मूल्य बराबरका देहायका सामानहरू आयात गर्ने भएकाले सोमा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्य महसुल छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

| | | |
|---|---|---|
| 1. AL 09400000 Source Wire 2585 mm | 1pc. | Us$ 1200.00 |
| 2. Brachytherapy Tables, Hs 9022.90.6000 | 1pc. | Us$ 5000.00 |
| 3. Varisource Parts Hs: 9022.90.6000 | 1pc. | Us$ 1000 00 |
| 4. 3.5 MHU Varian, X-Ray Tube, Model: UK-6VA-01(TE) | 1 set | Us$ 79.200.00 |

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४५

श्री ५ को सरकार

## कृषि तथा सहकारी मन्त्रालयको सूचना

श्री ५ को सरकारले पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सो ऐनलाई हेटौंडा नगरपालिकाको पूर्वमा चौघडा बजार, पश्चिममा वार्ड नं. ११ को सरस्वती खोल्सी, उत्तरमा चौकी टोल वन तगारो र दक्षिणमा स्यार्सेकालिका पम्पभित्रको क्षेत्रमा ई २०६० साल वैशाख १ गतेदेखि प्रारम्भ हुने गरी तोक्ने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
रामकुमार आचार्य
उपसचिव (कानून)



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

320

श्री

## रक्षा मन्

श्री ५ को सरकारले शाही नेपाली सेनाको डडेलधुरा तथा सुर्खेत ब्य
स्थानीय प्रशासन तथा स्थानीय निकायलाई सूचना गरी र सो क्षेत्रको वन तथा वा
साविकमा जस्तै स्थानीय जनताले उपभोग गर्न पाउने गरी उक्त क्षेत्रलाई अभ्यास
गरिएको छ ।

| सि.नं. | स्थान र विवरण | अञ्चल | जिल्ला | न.पा./गा.वि.स. वडा न |
|---|---|---|---|---|
| १. | नं. ५ अनाश्रित लाइट ब्याट्री डडेलधुरा | महाकाली | डडेडलरा | अमरगढी न.पा. र असि गा.वि.स. अन्तर्गत पर्ने क्षेत्र |
| २. | नं. ४ हवाई सुरक्षा ब्याट्री सुर्खेत | भेरी | सुर्खेत | वीरेन्द्रनगर नगरपालिक वडा नं. १, उत्तरगङ्गा गा.वि.स. वडा नं. १ गढी गा.वि.स. अन्तर्गत पर्ने क्षेत्र |
| ३. | नं. ४ अनाश्रित लाइट ब्याट्री सुर्खेत | भेरी | सुर्खेत | गुटु, बिजोरा र घाटगा गा.वि.स. अन्तर्गत पर्ने क्षेत्र |



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

322